# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 6 Issue 2, May - June 2013

सबैका लागि मर्यादा, समानता र न्याय

वर्ष ६, अङ्क २ राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०७० जेठ


## राष्ट्रिय मानव अधिकार आयोगको १३ औं वार्षिकोत्सव

# नेपाल सरकार कानुन कार्यान्वयन तथा विधिको शासन पालनामा निरीह : अध्यक्ष






राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशले पार्न सक्ने नकारात्मक असरबारे आयोगले सरकारलाई ध्यानाकर्षणसहित पत्राचार गरे पनि यसबारे सरकारले बेवास्ता र बलमिच्याइ गरेको बताउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको तेह्रौं वार्षिकोत्सव समारोहलाई पोखरामा सम्बोधन गर्दै अध्यक्ष उपाध्यायले उक्त कुरा बताउनुभएको हो ।

उहाँले भन्नुभयो, 'यस अध्यादेशलाई तत्कालै परिवर्तन नगरिएमा द्वन्द्वपीडितहरूलाई परिपूरण गर्ने, उनीहरूलाई सत्यतथ्यको जानकारी दिने, मेलमिलापको वातावरण बनाउने कुरा असम्भव हुने तथ्यलाई नेपाल सरकार तथा सरोकारवाला समक्ष आयोगले धारणा स्पष्ट गरिसकेको छ ।'

उहाँले राष्ट्रपतिद्वारा स्वीकृत सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश मानव अधिकारकर्मी र नागरिक समाजबीच असन्तुसष्टिको विषय बनेको धारणा अघि सार्नुभयो ।

उहाँको भनाइ थियो, 'एकातिर पीडकहरू उपर कानुनी कारवाही नगरिनु र अर्कोतिर फौजदारी अभियोगमा कानुन

...बाँकी पृष्ठ २ मा

## पचहत्तरै जिल्लामा सम्पर्क कार्यालय खोल्ने आयोगको प्रस्ताव

जनस्तरमा मानव अधिकारको सचेतना बढाउने, मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने एवम् मानव अधिकारमा नागरिकको पहुँच बढाउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले देशको पचहत्तरै जिल्लामा सम्पर्क कार्यालय खोल्नेबारे अवधारणापत्र अघि सारेको छ ।

देशभरका सबै जिल्लामा क्रमिक रूपमा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा अवधारणापत्रसहित आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरिसकेको छ । पचहत्तरै जिल्लामा आफ्नो कार्यालय खोल्दै जाने सम्बन्धमा आयोगले २०६९ फागुन २८ गते नीतिगत निर्णय लिएको थियो ।

केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालय गरी अहिले नौवटा जिल्लामा आयोगका कार्यालय रहेका छन् । विराटनगर, जनकपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा आयोगका क्षेत्रीय कार्यालय छन् भने बुटवल, जुम्ला र खोटाङमा उपक्षेत्रीय कार्यालय छन् ।

देशको सबै जिल्लामा सम्पर्क कार्यालय खोल्ने कार्यले नेपाल सरकारले लागू गरेको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको भावना र अन्य स्थानीयस्तरमा मानव अधिकार हननको सवाललाई तत्काल सम्बोधन गर्न सहयोग मिल्ने आयोगले विश्वास गरेको छ ।

***नेपाल सरकार कानुन... पृष्ठ १ को बाँकी***

बमोजिम चलेको एक हजारभन्दा बढी मुद्दा सरकारले फिर्ता लिएकाले नेपाल सरकार कानुन कार्यान्वयन तथा विधिको शासन पालनामा निरीह र कमजोर हुँदै गएको छ ।'

'त्यसमाथि पनि मानवअधिकार हनन्का आरोपीहरू राजनीतिक नेतृत्वमा रहनु, त्यस्ता व्यक्ति सुरक्षा निकाय र प्रशासनिक निकायको उच्च ओहोदामा पदोन्नति हुनु वा नियुक्ति हुनुले राजनीतिक नेतृत्व, केही प्रहरी कर्मचारी र अपराधी बीचको साँठगाँठबाट प्रशासन र सुरक्षा व्यवस्था कमजोर सिद्ध भएको छ ।' उहाँको टिप्पणी थियो ।

सो अवसरमा बौल्दै आयोगका सदस्य रामनगिना सिंहले देशको नीति र राजनीति दुवैले सही दिशा नलिएकाले मानव अधिकार सङ्कटमा परेको चर्चा गर्दै मानव अधिकार संरक्षण र सम्वर्द्धनका प्रयासहरू चुनौतीपूर्ण बन्दै गएको विचार अघि सार्नुभयो ।

उहाँले सरकारले मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी दायरामा नल्याएकोले मानव अधिकार उल्लङ्घनमा दोषी देखिएका व्यक्तिहरू विदेशमा समातिने र मुद्दा चलाइने प्रवृत्ति विकास हुन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, 'मानव अधिकार उल्लङ्घनमा दोषी ठहरिएका व्यक्तिहरूलाई कानुनको दायरमा ल्याइदिएको भए यस्तो अवस्था आउने थिएन ।'

कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले देशमा दण्डहीनताको संस्कार मौलाउँदै गएको चर्चा गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनको दायरामा ल्याउन कठिन भइरहेको बताउनुभयो ।

सदस्य प्रधानले मानव अधिकार उल्लङ्घनका विषयमा आयोगले गरेका सिफारिसमध्ये सरकारले २८ प्रतिशत सिफारिसमात्र पूर्ण कार्यान्वयन गरेको बताउनुभयो । उहाँले राजनीतिक दलहरूका लागि सत्तामा नपुग्दासम्म मानव अधिकार प्यारो भएको तर सत्तामा पुगेपछि त्यही मानव अधिकार गाह्रो विषय भएको धारणा अघि सार्नुभयो ।

उहाँले ऐतिहासिक एवम् संरचनागत रूपमा पाखा पारिएका नागरिकलाई विकासको मूल प्रवाहमा ल्याउने; सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार हनन्का घटनाबारे छानबिन गरी पीडकलाई कारबाही र पीडितलाई न्याय दिनका लागि संक्रमणकालीन न्यायिक संरचना तयार पार्ने; नागरिकको आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार सुनिश्चित गर्ने कामहरू चुनौतीको रूपमा देखापरिरहेको धारणा अघि सार्नुभयो ।

...बाँकी पृष्ठ ३ मा



# राष्ट्रिय मानवअधिकार आयोग

## केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष** : केदारनाथ उपाध्याय
**सदस्य** : रामनगिना सिंह
**सदस्य** : गौरी प्रधान
**सदस्य** : डा. लीला पाठक
**सदस्य** : डा. के.बी. रोकाया

*नेपाल सरकार कानुन...* **पृष्ठ २ को बाँकी**

सो अवसरमा बोल्दै आयोगको सदस्य केबी रोकायले सरकार नागरिकप्रति जिम्मेवार नभएकोले मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको धारणा अघि सार्नुभयो ।

उहाँले राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण भएकोले मानव अधिकारको अवस्था सन्तोषजनक हुन नसकेको बताउनुभयो ।

कार्यक्रममा 'दयाराम परियार मानव अधिकार स्मृति' सम्मानबाट कास्कीका मानव अधिकारकर्मी टेकनाथ बराल र मोरङका मानव अधिकारकर्मी डा. शिवमाया तुम्बाहाङफेलाई दोसल्ला ओढाएर सम्मान गरियो ।

सम्मान ग्रहण गरेपछि कार्यक्रमलाई सम्बोधन गर्दै मानव अधिकारकर्मी टेकनाथ बरालले सम्पूर्ण मानव अधिकारकर्मीहरूको सत्प्रयासबाट आफूले सम्मान पाएको विचार व्यक्त गर्नुभयो ।

उहाँले एक प्रसंगमा देशमा विधिको शासन नभएको चर्चा गर्दै कानुनको व्याख्या गर्ने सर्वोच्च निकायका प्रमुख व्यक्तिलाई राजनीतिक दलहरूले प्रधानमन्त्री बनाएकोमा असन्तुष्टि व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'यसबाट विधिको शासनको अवहेलना भएको छ, राजनीतिक दलहरूको असक्षमता प्रकट भएको छ । यसलाई जतिसक्दो छिटो सच्याउन आवश्यक छ ।'

सो अवसरमा बोल्दै अर्को सम्मानित व्यक्तित्व डा. शिवमाया तुम्बाहाङफेले २०३६ सालको विद्यार्थी आन्दोलनमार्फत् नेपाली नागरिक अधिकारबारे अघि बढदाबढदै एवम् छोरीको अधिकारबारे आवाज उठाउँदा उठाउँदै आफू अनायासै मानव अधिकारको क्षेत्रमा प्रवेश गरेको संस्मरण सुनाउनुभयो ।

डा. तुम्बाहाङफेले भन्नुभयो, 'मैले त्यतिबेला गरेका कामहरू मानव अधिकार संरक्षणका कदमहरू रहेछन् । अहिले आएर थाहा भयो । मैले सम्मान पाएको यस बेलामा मलाई यस क्षेत्रमा आउन प्रेरित गर्नुहुने मानव अधिकारकर्मीहरूप्रति आभार प्रकट गर्दछु ।'

कार्यक्रममा बोल्दै शान्तिका लागि नागरिक समाजका विष्णुप्रसाद बरालले नेपाली राजनीतिले प्रतिगमनको बाटो लिएकोले दण्डहीनता, राजनीतिक अस्थिरता र अराजकता बढेको टिप्पणी गर्नुभयो ।

उहाँले सरकारले विवादास्पद छविका व्यक्तिलाई सार्वजनिक पदमा नियुक्त गरेकोमा टिप्पणी गर्दै जनआन्दोलनको मर्म र भावनालाई राजनीतिक दलहरूले खिल्ली उँडाएको बताउनुभयो ।

सो अवसरमा बोल्दै पश्चिमाञ्चलका क्षेत्रीय प्रशासक ध्रुवप्रसाद ढकालले देशमा दण्डहीनताले प्रश्रय पाएकोले देशमा नियमसम्मत परिपाटी र पद्धतिले काम गर्न छाडेको बताउनुभयो ।

उहाँले यस्ता कुसंस्कारका विरुद्धमा आयोगले आवाज उठाउनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जाल (कास्की) का अध्यक्ष नन्दकला नेपालीले महिला अधिकारका सवाललाई राज्यको जिम्मेवार निकाय रहेका व्यक्तिहरूले अझै पनि अनुभूत गर्न नसकेको चर्चा गर्दै महिलाका सवालहरूलाई गम्भीरतापूर्वक मनन गर्न सबैसँग आग्रह गर्नुभयो ।

उहाँले राष्ट्रिय योजना आयोगको सदस्यमा महिलालाई नियुक्त गर्नुपर्ने, आउँदो चुनावमा हरेक दलले ५० प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने, संरचनागत रूपमै अन्यायमा परेका उत्पीडित समुदायको अधिकारका लागि राष्ट्रिय मानव अधिकार आयोगले समेत आवाज उठाइदिनुपर्ने माग राख्नुभयो ।

आयोगका सदस्य रामनगिना सिंहको सभापतित्वमा भएको सो कार्यक्रम आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले सञ्चालन गर्नुभएको थियो ।

जेठ १३ गतेको साँझमा आयोगको स्थापना दिवसको अवसरमा पोखराको चिप्लेढुङ्गास्थित 'मानव अधिकार चोक' मा आयोजित दीप प्रज्ज्वल कार्यक्रममा अध्यक्ष केदारनाथ उपाध्याय एवम् सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधान एवम् पूर्वसदस्य सुदीप पाठक सहभागी हुनुभयो ।

सो अवसरमा आयोगका कामु सचिव वेदप्रसाद भट्टराई र आयोगको क्षमता सबलीकरण परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक साधना घिमिरेको समेत उपस्थिति रहेको सो कार्यक्रममा कास्कीका सुरक्षा निकायका प्रमुख, मानव अधिकारकर्मी एवम् समाजका प्रतिनिधिहरूको उपस्थिति थियो ।

यसैबीच, आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्ज एवम् उपक्षेत्रीय कार्यालयहरू खोटाङ र बुटवलले पनि विविध कार्यक्रमसहित आयोगको १३ औं वार्षिकोत्सव मनाएको समाचार प्राप्त भएका छन् ।



# खान पाउने र नपाउनेबीचको खाडल पुर्न आवश्यक



नागरिकको खाद्य अधिकारलाई कसरी पहुँचयोग्य बनाउने एवम् खान पाउने र नपाउनेहरूबीच विद्यमान खाडल पुर्न पहल हुनुपर्ने आवश्यकता औंल्याइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग र खाद्य तथा कृषि संगठनको आयोजनामा राजधानीमा भएको खाद्य अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सो आवश्यकता औंल्याइएको हो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नागरिकको खाद्य अधिकारको सुनिश्चितताका लागि खाद्य नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन हुनुपर्ने धारणा अघि सार्नुभयो ।

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले नेपालमा खाद्य अवस्था र भावी कार्यदिशाका बारेमा विश्लेषणात्मक धारणा अघि सार्दै नागरिकको खाद्य अधिकार सुनिश्चित हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य डा. केबी रोकायले नागरिकको खाद्य अधिकार सुनिश्चित गर्न सरकार र अन्तर्राष्ट्रिय समुदाय जिम्मेवार बन्नुपर्ने विचार अघि सार्नुभयो ।

कार्यक्रममा विश्व खाद्य तथा कृषि संगठनका परियोजना अधिकृत सेरेना पेपेनोले आफ्नो संस्थाले अवलम्बन गरेको खाद्य अधिकारसम्बन्धी निर्देशिका एवम् अनुगमन पद्धतिबारे प्रस्तुतीकरण गर्नुभयो ।

प्रस्तुतीकरणका क्रममा पेपेनोले खाद्य अधिकारको मूल उद्देश्य खान पाउने र नपाउनेहरूबीच विद्यमान खाडल पुरेर समतामूलक समाज निर्माण गर्नु नै रहेको बताउनुभयो ।

सेरेना पेपेनोले पोषिलो र सुरक्षित खाद्यवस्तुको उपलब्धता, सुसूचित उपभोक्ता, आर्थिक स्वतन्त्रता, बजार एवम् रोजगार र स्रोत-साधनमा पहुँच खाद्य अधिकारसँग गाँसिएका मूलभूत पक्षहरू भन्नुभयो ।

उहाँले खाद्य अधिकारका सवालसँग राजनीतिक इच्छाशक्ति र विकासका मामिला मूलभूत रूपमा गाँसिएको चर्चा गर्दै सरकार र नीति-निर्माताहरूमा उत्तरदायित्वको भावना आवश्यक भएको धारणा अघि सार्नुभयो ।

कार्यक्रममा खाद्य अधिकार र मानव अधिकारसँग अन्तरसम्बन्धित विषयमा उठेका जिज्ञासाको विश्व खाद्य संगठनका परियोजना अधिकृत सेरेना पेपेनोले उत्तर दिनुभएको थियो ।

# मानव अधिकार रिपोर्टिङबारे तालिम

राष्ट्रिय मानव अधिकार आयोगले 'मानव अधिकार रिपोर्टिङ : चुनौती र अवसरहरू' विषयक कार्यशाला सिरहाको लहानमा आयोजना गरेको छ ।



कार्यशालामा मानव अधिकारको विश्वव्यापी अवधारणा; राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, क्षेत्राधिकार एवम् यसको अन्तर ाष्ट्रिय हैसियत; मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्यको भूमिका; पत्रकार आचार संहिता; अभिव्यक्ति स्वतन्त्रता र यसका सीमाहरू; पत्रकार एवम् मानव अधिकारकर्मीहरूको सुरक्षा; रिपोर्टिङमा मानव अधिकारमैत्री भाषाको प्रयोगलगायतका विषयमा छलफल भएको थियो ।

सो अवसरमा आयोगका निर्देशक सुवर्ण कर्माचार्य, पत्रकारद्वय महेन्द्र विष्ट र अनन्त लुइटेल, सञ्चार अधिकृत यमबहादुर दुरा र अजित ठाकुरले स्रोतव्यक्तिको भूमिका निर्वाह गर्नुभएको थियो । कार्यशालामा सिरहा, सप्तरी, उदयपुर र रौतहटमा कार्यरत २७ जना सञ्चारकर्मीहरूको सहभागिता थियो ।

# महिलामाथि हुने हिंसाबारे कार्यशाला




राष्ट्रिय मानव अधिकार आयोगले आदिवासी जनजाति महिलामाथि हुने घरेलु हिंसाबारे कार्यशाला आयोजना गरेको छ ।

सो अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै आयोगका सदस्य गौरी प्रधानले महिलामाथि हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार अन्त्य गर्ने दिशामा आयोगले सक्दो भूमिका खेल्ने बताउनुभयो ।

सदस्य प्रधानले महिलामाथि हुने हिंसाविरुद्धको अभियानमा हिंसामा परेको महिलाको संरक्षण र अभियुक्तविरुद्ध अभियोजन गर्ने कार्य महत्वपूर्ण ठहरिन्छ भन्नुभयो ।

कार्यशालामा महिलाका अधिकारसँग सरोकार राख्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, महिलामाथि हुने हिंसाविरुद्ध आयोगको भूमिका, महिलामाथि हुने दुर्व्यवहार घटाउन आयोग र महिला अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाबीच सहकार्य र समन्वयको आवश्यकतालगायतका विषयमा छलफल भएको थियो ।

सो अवसरमा आयोगका उपनिर्देशक दुर्गा खड्का, लैङ्गिकता र सामाजिक समावेशीकरण महाशाखाका प्रमुख सरिता ज्ञवाली, यशोकान्ति भट्टचन र अधिवक्ता लक्ष्मी राई स्रोतव्यक्तिको भूमिका निर्वाह गर्नुभएको थियो ।

महिलामाथि हुने हिंसाबारे सचेतीकरण गर्ने उद्देश्यले आयोजित सो कार्यशालामा विभिन्न आदिवासी जनजाति संस्थासँग आवद्ध ३० जना महिलाहरूको सहभागिता थियो ।

# मानव अधिकार रक्षकहरू प्रशिक्षित

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले 'मानव अधिकार रक्षकका लागि मानव अधिकारसम्बन्धी प्रशिक्षण' विषयक तीन दिने कार्यक्रम आयोजना गरेको छ ।

प्रशिक्षणमा बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९८९ र नेपालको अवस्था; अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि-१६९ र नेपालको दायित्व; मानव अधिकार रक्षकको अधिकार र दायित्व, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संरक्षणमा मानव अधिकारसम्बन्धी संस्थाहरूको भूमिका; मानव अधिकार संरक्षणमा स्वयंसेवी संस्थाको भूमिका र मानवअधिकारमुखी विकास पद्धतिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।




सो अवसरमा सहजीकरणका लागि पोखरा पुनरावेदन अदालत (पोखरा) का न्यायाधीश राजकुमार वन, अधिवक्ता सुरेन्द्र थापा मगर, अधिवक्ता खगराज आचार्य र आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारी र राष्ट्रिय सम्पदा तथा जनाधिकार संरक्षण समितिका महासचिव रामबहादुर पौडेल स्रोत-व्यक्तिको रूपमा भूमिका निर्वाह गर्नुभएको थियो ।

प्रशिक्षणमा पश्चिमाञ्चल क्षेत्रका मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा प्रमुख, नागरिक समाजका प्रतिनिधि, कानुन व्यवसायी, पत्रकार, विद्यार्थी, शिक्षकलगायत ४७ जनाको सहभागिता थियो ।

यसप्रकारको तालिम समय-समयमा आयोजना गर्नु हितकर हुने सल्लाह सहभागीहरूले दिनुभएको थियो ।

# मानसिक स्वास्थसम्बन्धी अधिकार सुनिश्चित गर्न संयोजित रूपमा काम गर्न आवश्यक




मानसिक स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अभियन्ता, अधिकारकर्मी एवम् मनोरोग विशेषज्ञहरूले मानसिक स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्न संयोजित रूपमा काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग र कोसिस नेपालले राजधानीमा आयोजना गरेको ‘ मानसिक स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति : अवस्था, चुनौती र अवसरहरू’ विषयक एकदिवसीय कार्यशालाका सहभागीहरूले उक्त आवश्यकता औंल्याउनुभएको हो ।

सो अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै आयोगका सदस्य गौरी प्रधानले मानसिक स्वाथ्यको क्षेत्रमा कार्यरत सबै सरोकारवाला निकायहरूले संयोजित रूपमा काम गर्न सकेमा लक्ष्य प्राप्तिमा अपेक्षित उपलब्धी हाँसिल हुने विचार अघि सार्नुभयो ।

सदस्य प्रधानले मानसिक स्वाथ्यको क्षेत्रमा हामीले गरेका प्रयासहरू ‘हिंड्दैछ, पाइला मेट्दैछ’ को नियतिबाट मुक्त हुनका लागि साझा प्रयास आवश्यक रहेको बताउनुभयो ।

उहाँले मानसिक स्वास्थ्यको क्षेत्रमा अपेक्षित लक्ष्य प्राप्त गर्नका लागि मानसिक रोगीप्रति हाम्रा सोंचाइ र व्यवहारमा सकारात्मक परिवर्तन हुनुपर्ने, सरकारले उचित बजेट र जनशक्ति उपलब्ध गराउनुपर्ने, आवश्यक राष्ट्रिय कानुन बनाउने र त्यसको कार्यान्वयन गर्नुपर्नेजस्ता आवश्यकताहरू औंल्याउनुभयो ।

कार्यशालामा कार्यपत्र प्रस्तुत गर्दै आयोगका प्रवर्द्धन र वकालत एवम् सामूहिक अधिकार महाशाखा प्रमुख सूर्यबहादुर देउजाले स्वास्थ्यका लागि आर्थिक, सामाजिक एवम् सांस्कृतिक विभेद पनि जोडिएकाले यस्ता विभेदहरू हटाउन आवश्यक भएको बताउनुभयो ।

उहाँले मानसिक स्वास्थ्यको संरक्षण र सम्वर्द्धन गर्ने सबै कानुनी आधार तयार पार्नुपर्ने, नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने स्वास्थ्य नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने, मानसिक स्वास्थ्यबारे जनचेतना फैलाउनका लागि सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै मानसिक रोग न्यूनीकरणको क्षेत्रमा कार्यरत संस्था ‘कोशिश’ का अध्यक्ष मातृका देवकोटाले अस्पतालहरूमा मानसिक रोगीको उपचारका लागि जनशक्ति र बजेटको अभाव भएकाले रोगीहरूले उचित उपचार पाउन नसकेको तथ्य प्रस्तुत गर्नुभयो ।

अध्यक्ष देवकोटाले मानसिक स्वास्थ्य समग्र स्वास्थ्यको एउटा हिस्सा भएकोले यसलाई त्यसैअनुरुप बुझ्नुपर्ने र व्यवहार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले यूरोपमा मानसिक अस्पतालहरू बन्द गरिएको प्रसंग कोट्याउँदै नेपालमा पनि बेग्लै मानसिक अस्पताल बनाउनुभन्दा भइरहेकै अस्पतालमा मानसिक रोगसम्बन्धी सेवा थपेर एकीकृत रूपमा स्वास्थ्य सेवालाई अङ्गीकार गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यशालामा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा ‘क्लिनिकल साइकोलजिष्ट’ को रूपमा कार्यरत डा. मीता राणाले नेपालमा ७६ देखि ८५ प्रतिशत मानसिक रोगीले उपचार नपाएको तथ्याङक प्रस्तुत गर्दै उपचार पाएकाले पनि गुणस्तरीय उपचार सेवा नपाएको बताउनुभयो । ...बाँकी पृष्ठ ९ मा



# मानव अधिकार र जलवायु परिवर्तनको अन्तरसम्बन्धबारे कार्यशाला



राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गौरी प्रधानले वातावरणीय विषयवस्तुलाई मानव अधिकारको अभिन्न अङ्गको रूपमा अङ्गीकार गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आयोगद्वारा राजधानीमा आयोजित 'जलवायु परिवर्तन र मानव अधिकार' विषयक कार्यशालामा बोल्दै सदस्य प्रधानले उक्त कुरामा जोड दिनुभएको हो ।

उहाँले आयोगले पछिल्लो समयमा अन्य नियमित विषयवस्तुहरूका अतिरिक्त आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षलाई प्राथमिकताका दिएको चर्चा गर्दै अब वातावरणीय मामिलाहरूमा पनि ध्यान दिन थालेको जानकारी दिनुभयो ।

उहाँले मानवतावादी दृष्टिकोणलाई केन्द्रमा राखेर बिग्रँदो वातावरणलाई सन्तुलनमा ल्याउन हामी सबैको ध्यान जानुपर्ने आवश्यकता पनि औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य डा. केबी रोकायले जलवायु परिवर्तनमा धनी र शक्तिशाली राष्ट्रहरू मूलभूत रूपमा जिम्मेवार रहेको बताउनुभयो ।

उहाँले जलवायु परिवर्तनमा धनी र शक्तिशाली राष्ट्रहरू नै बढी जिम्मेवार रहेको सम्बन्धमा तर्क प्रस्तुत गर्दै वातावरणीय सवालहरूमा ती राष्ट्रलाई उत्तरदायी बनाउन दबाब सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले वातावरण विनाशका लागि कारक मानिएका राष्ट्रहरू जिम्मेवार बनाउनुपर्ने भए पनि नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा उचित ढङ्गले आवाज उठाउन नसकेको धारणा अघि सार्नुभयो ।

त्यस अवसरमा बोल्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले जलवायु परिवर्तनका मामिलालाई राष्ट्रिय 'अजेण्डा' बनाएर अघि बढाउनुपर्ने बताउनुभयो ।

उहाँले नेपालको अन्तरिम संविधान, २०६३ ले वातावरण र स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा परिभाषित गरेकोले वातावरणीय मामिलालाई अधिकारको दृष्टिले हेर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

उहाँले विश्वमा वातावरण संरक्षणमा भएका महत्वपूर्ण घटनाक्रमहरूको विवरण प्रस्तुत गर्दै जलवायु परिवर्तनको मामिलालाई साझा सरोकारको विषय बनाएर अघि बढ्नुपर्ने समय आएको धारणा अघि सार्नुभयो ।

सो अवसरमा कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका प्रवर्द्धन तथा वकालत एवम् सामूहिक अधिकार महाशाखाका प्रमुख सूर्यबहादुर देउजाले आयोगले आफ्नो कार्यक्षेत्र विस्तार गरेर वातावरणीय मामिलाहरूमा पनि काम गर्न चाहेको जानकारी दिनुभयो ।

उहाँले मानव अधिकारसँग जोडिएका जलवायु परिवर्तनका विषयमा सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय गरेर आयोग अघि बढ्न चाहेको बताउनुभयो ।

कार्यशालामा कार्यपत्र प्रस्तुत गर्दै अनिल चित्रकारले अस्वाभाविक रूपमा हिउँ पग्लाइ, हिउँताल विष्फोटनजस्ता समस्याबाट नेपाली जनजीवन प्रभावित हुनसक्ने खतरा औंल्याउनुभयो ।

उहाँले जलवायु परिवर्तन विश्वव्यापी विषय भएकोले यसको असर पनि विश्वव्यापी नै हुन्छ भन्दै नेपालमा देखापरेका र भविष्यमा देखा पर्नसक्ने वातावरणीय खतराहरूमा अरू मुलुकका क्रियाकलाप पनि जिम्मेवार ठहरिन्छ भन्नुभयो ।

उहाँले जलवायु परिवर्तनको विश्वव्यापी प्रभावबारे वातावरण विनाशमा बढी जिम्मेवार ठहरिएका राष्ट्रहरूलाई आफ्ना कर्तव्यप्रति सचेत तुल्याउन नेपाल अन्तर ाष्ट्रियस्तरमा दरिलो किसिमले आवाज उठाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले जलवायु परिवर्तन गम्भीर विषय भए पनि नीतिगत अस्पष्टता र कार्यगत बेमेलले वातावरणीय समस्याको गाँठो फुकाउन कठिन भइरहेको धारणा राख्नुभयो ।

उहाँले जलवायु परिवर्तनसम्बन्धी विषयमा सबै निकाय जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याउँदै जनस्तरमा चेतना जगाउनुपर्ने र नीति-निर्माण तहमा कार्यगत तत्परता हुनुपर्ने खाँचो पनि औंल्याउनुभयो। सो अवसरमा कार्यपत्र प्रस्तुत गर्दै वातावरणीय कानुन र नीतिका ज्ञाता चिरञ्जीवी भट्टराईले वातावरणसँग गाँसिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन विविध पाटाहरूबारे प्रकाश पार्नुभयो ।

...बाँकी पृष्ठ १० मा

# मुक्तिको माग लिएर हरूवा-चरूवाहरू आयोगमा

सिरहा र सप्तरीमा हरूवा-चरूवाहरूको रूपमा काम गर्दै आएका नागरिकहरूको एक समूहले राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूलाई भेटेर आफूहरूले वर्षौंदेखि भोगेका समस्याबाट मुक्ति दिने दिशामा पहल गरिदिन आग्रह गरेको छ ।

'हरूवा-चरूवा अधिकार मञ्च सप्तरी/सिरहा' का अध्यक्ष दशन मण्डलको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले आयोगसँग त्यस किमिसको आग्रह गरेको हो ।

प्रतिनिधि मण्डलसँग कुराकानी गर्दै आयोगका सदस्य रामनगिना सिंहले हरूवा-चरूवाहरूको रूपमा काम गर्दै आएका नागरिकको समस्याप्रति आयोग गम्भीर रहेको बताउनुभयो ।

सदस्य सिंहले आफ्ना समस्या समाधानका लागि आफूसँग भएका आधिकारिक कागजपत्रसहित आयोगमा उजुरी दिन प्रनिनिधि मण्डललाई आग्रह गर्नुभयो ।

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले हरूवा-चरूवाहरूको न्यायोचित मागप्रति आयोगको नैतिक समर्थन रहेको



बताउँदै प्रक्रियासम्मत ढङ्गमा आफ्ना माग राख्न आग्रह गर्नुभयो ।

भेटका क्रममा प्रतिनिधि मण्डलले आयोगमा पेश गरेको पत्रमा भनिएको छ, 'सरकारले मध्यपश्चिमका कमैयालाई २०५७ सालमा मुक्त घोषित गरी पुनःस्थापना थाल्यो । २०६५ सालमा सुदुरपश्चिमका हलिया मुक्तिको घोषणा भयो तर पूर्वी तराईका हरूवा-चरूवाहरूलाई कसैले हेरेनन् ।'

मन्त्री, प्रधानमन्त्रीलगायतका उच्चपदस्थ व्यक्ति र सरोकारवाला निकायहरूमा आफ्ना समस्य राख्दा पनि कुनै किसिमको सुनुवाइ नभएको पत्रमा उल्लिखित छ ।

'सिरहा र सप्तरीका हामी हरूवा-चरूवा जमिन्दारको खेतबारीमा सस्तो ज्यालामा काम गर्छौं । पुस्तौंदेखि ऋणको बन्धनमा पारिएकाले मालिकलाई तिर्नुपर्ने व्याजवापत जमिनदारको जग्गामा हलो जोत्नु, खेतबारीमा काम गर्नु र घरायसी काम गर्नु हाम्रो पुर्ख्यौली बाध्यता हो । खेती गर्नका लागि आफ्नै जग्गा छैन । मालिकबाट प्राप्त हुने अन्नले खान पुग्दैन ।' आयोगमा पेश गरिएको पत्रमा उल्लिखित छ ।

'हरूवा-चरूवा अधिकार मञ्च सप्तरी/सिरहा' ले अघि सारेका मागहरूमा हरूवा-चरूवाको लगत सङ्कलन गरिनुपर्ने, हरूवा-चरूवाको वास्तविक अवस्था बुझ्न अध्ययन टोली खटाइनुपर्ने, हरूवा-चरूवाको सम्पूर्ण ऋण खारेज गरिनुपर्ने, बँधुवा श्रम ऐनमा हरूवा-चरूवाको समस्या सम्बोधन हुनुपर्ने, उनीहरूका लागि सुरक्षित आवास र परिवार संख्याको आधारमा खान पुग्ने जमिन उपलब्ध गराइनुपर्नेलगायतका छन् ।

पत्रमा उल्लेख भएअनुसार सिरहा र सप्तरीका प्रत्येक गाविसमा ५० देखि दुई सय घरपरिवारले हरूवा-चरूवाका रूपमा जीवन व्यतित गरिरहेका छन् ।

## केही कागजी व्यवस्था

(क) कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ मा 'कमैया श्रमिक भन्नाले भैसवार, गैवार, हरूवा भन्ने सम्झनुपर्छ भन्ने उल्लेख छ तर यो ऐनले हरूवा-चरूवालाई छुन सकेन ।

(ख) 'नेपालको अन्तरिम संविधान २०६३' को भाग ३ को १० मा सुकुम्बासी, कमैया, हलिया, हरूवा-चरूवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत सामाजिक सुरक्षाको व्यवस्था गर्ने कुरा उल्लिखित भएपछि त्यसले मूर्त रूप लिएको देखिदैन ।

(ग) नेपाल सरकारको आर्थिक वर्ष २०६८/०६९ को बजेटमा सुकुम्बासी, कमैया, हलिया, हरूवा-चरूवा, कमलरी, बादी, गन्धर्व र बाँधा मजदुरबाट मुक्त परिवारको आयआर्जन, रोजगारी, शिक्षा र बसोबासको विशेष कार्यक्रम सञ्चालन गर्ने र सोही आर्थिक वर्षभित्र हरूवा-चरूवाको तथ्याङ्क सङ्कलन गरी पुनःस्थापनाको लागि अध्ययन गरिने भनिए पनि कुनै काम भएन ।

## हरूवा-चरूवा मुक्तिका लागि जनस्तरबाट भएका प्रयासहरू

२०६० भदौ २२ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार मालपोत र भूमिसुधार कार्यालयमा पेश भएको निवेदन कार्यान्वयनको लागि २०६५ चैत्रमा राजनीतिक दलको कार्यालयमा सात दिन धर्ना ।

२०६६ असार २५ देखि २९ सम्म प्रधानमन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, वन मन्त्रालयमा ज्ञापनपत्र पेश ।

हरूवा-चरूवाको ऋण मिनाहा हुनुपर्ने, लगत लिई परिचयपत्रको व्यवस्था हुनुपर्नेलगायतको माग राखी २०६६ पुस को ९ गतेदेखि ११ दिनसम्म जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना ।

२०६७ मङ्सिर २२ देखि २७ सम्म जागरण यात्रा गरी जिल्ला प्रशासन कार्यालय सिरहा र सप्तरीमा ज्ञापनपत्र पेश ।

सुकुम्बासी आयोगमा दर्ता भएको निवेदन कार्यान्वयनको लागि २०६७ फागुन १० गते सुकुम्बासी आयोगसँग छलफल ।

२०६८ जेठ १२ गते जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र पेश ।

२०६८ जेठमा बदगमाका हरूवा-चरूवा बस्ती उठाउने कार्य रोक्नको लागि निकुञ्जका वार्डेन र जिल्ला प्रशासन कार्यालयसँग अन्तरक्रिया ।

२०६८ जेठ २५ गते अर्थमन्त्री र प्रधानमन्त्रीलाई भेटी समस्या अवगतका गराउनुका साथै हरूवा-चरूवा मुक्तिका लागि अनुरोध ।

२०६९ पुसमा राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय विराटनगरमा उजुरी दर्ता ।

*(स्रोत : 'हरूवा-चरूवा अधिकार मञ्च सप्तरी/सिरहा' ले आयोगमा पेश गरेको निवेदन)*

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित हुनुपर्ने



अपाङ्गता भएका व्यक्तिहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँग भेटघाट गरी आफ्ना अधिकार सुनिश्चित गर्ने दिशामा पहल गरिदिन आग्रह गरेको छ ।

प्रतिनिधि मण्डललाई सम्बोधन गर्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार रक्षाका लागि आयोग संधै तयार रहेको जानकारी दिनुभयो ।

कामु सचिव भट्टराईले अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार तुलनात्मक रूपमा ओझेलमा परेको चर्चा गर्दै आफ्ना अधिकार सुनिश्चित बनाउने क्रममा आयोगलाई झकझक्याउन पनि प्रतिनिधि मण्डललाई आग्रह गर्नुभयो ।

उहाँले दृष्टिविहीनहरूका लागि सजिलो होस् भन्ने उद्देश्यले २०६९ सालमा आयोगको ब्रोसर ब्रेल लिपिमा प्रकाशन गरिएको जानकारी पनि दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सम्वर्द्धन तथ वकालत एवम् सामूहिक अधिकार महाशाखाका प्रमुख सूर्यबहादुर देउजाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गरेर 'राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना' (सन् २०११ -२०१४) मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई समावेश गरिएको जानकारी दिनुभयो ।

उहाँले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार स्थापित गर्न अपाङ्गतामैत्री भौतिक संरचनाबारे अनुगमगन गर्ने, शिक्षा एवम् रोजगारको अधिकारबारे आवाज उठाउनेलगायतका कामहरू आयोगले गर्दै आएको चर्चा गर्दै अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका संघसंस्थाहरूसँग थप सहकार्य गर्न चाहेको बताउनुभयो ।

सो अवसरमा अपाङ्ग् मानव अधिकर केन्द्रका अध्यक्ष जगदीश अधिकारीले अपाङ्गता भएका व्यक्तिहरू धेरै प्रकारका अधिकारबाट बञ्चित भएको प्रसंग कोट्याउँदै उनीहरूको सर्वपक्षीय अधिकार सुनिश्चितताका लागि राष्ट्रिय मानव अधिकार आयोगलगायतका संस्थाहरूले अझ बढी सक्रिय भूमिका खेल्नुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार हनन् गर्ने व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई दण्ड-सँजाय गरिनुपर्ने आवश्यकता पनि औंल्याउनुभयो ।

अपाङग् मानव अधिकर केन्द्रका महासचिव महेश्वर घिमिरिले राजधानीका सडकमा उपयुक्त किसिमको सडकपेटी नभएको चर्चा गर्दै यसबाट अपाङ्गता भएका व्यक्तिहरूले हदैसम्मको सास्ती भोग्नुपरेको बताउनुभयो ।

उहाँले अपाङ्गतामैत्री भौतिक संरचना बनाउनेलगायतका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार स्थापित गर्न सहयोग पुग्ने गरी आयोगले सरकारलाई सिफारिस गर्नुपर्ने सुझाव दिनुभयो ।

प्रतिनिधि मण्डलका सदस्यहरूले अपाङ्गता भएका व्यक्तिले सहज किसिमले सामाजिक न्याय नपाएको, सार्वजनिक यातायातमा आरक्षणको सुविधा उपभोग गर्न नपाएको, अपाङ्गता भएका महिलामाथि यौनजन्य हिंसा भएको, स्कूल/कलेजमा इच्छाएको विषय पढ्नबाट बञ्चित गरिएको, अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारले दिने सेवा-सुविधा उचित किसिमले प्राप्त नभएकोजस्ता समस्या दर्साउँदै ती समस्या समाधानमा पहल गरिदिन आयोगलाई आग्रह गर्नुभयो ।

---

*मानसिक स्वास्थ्यसम्बन्धी...* ***पृष्ठ ६ को बाँकी***

डा. राणाले मानसिक रोगको क्षेत्रमा काम गर्ने जनशक्ति र बजेटको चर्को अभाव रहेको चर्चा गर्दै यसप्रति सरकारको ध्यान जानुपर्ने खाँचो औंल्याउनुभयो ।

उहाँले हरेक अस्पतालमा मानसिक रोगसम्बन्धी युनिट स्थापना हुनुपर्ने, स्कूल तथा कलेजहरूमा मनोवैज्ञानिक राखिनुपर्ने, मानसिक रोगलाई कलङ्कको रूपमा लिने परिपाटी अन्त्य गर्न जनचेतना जगाउनुपर्ने तथा विद्यालय तहदेखि नै स्वास्थ्य शिक्षाअन्तर्गत मानसिक रोगलाई पनि समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा बोल्दै बाल मनोरोग विशेषज्ञ डा. अरुण कुँवरले मानसिक रोगले क्रमिक रूपमा मानिसको उर्जा र उत्पादनशीलता घटाउने भएकोले मानसिक रोगीको संख्यामा वृद्धि हुँदा देश विकासमा अप्रत्यक्ष रूपमा नकारात्मक असर पर्ने बताउनुभयो ।

डा. कुँवरले सामाजिक, मनोवैज्ञानिक, जैविकलगायतका बहुआयमिक उपचार पद्धतिबाट मानसिक रोगको उपचार गर्नुपर्ने भएकोले यसमा सरोकारवालाहरूबीचको समन्वय र सहकार्यको भूमिका महत्वपूर्ण हुनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले मानसिक स्वास्थ्यको क्षेत्रमा निकै कम बजेट विनियोजन हुने भएकोले सरकारले यस क्षेत्रका लागि बजेटको पर्याप्त व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

# अल्पसंख्यक र पिछडिएको समुदायको विकासमा जोड



राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले राज्यका सबै निकायले अल्पसंख्यक, पिछडिएको समुदाय, वर्ग र क्षेत्रको विकासलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) द्वारा पोखरामा आयोजित 'मानव अधिकारमुखी विकास पद्धति' विषय कार्यशाला प्रमुख अतिथिको रूपमा बोल्दै उहाँले उक्त कुरा बताउनुभएको हो ।

उहाँले अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले व्यक्त गरेको प्रतिबद्धतालाई राज्यले व्यवहारमा लागू गर्नुपर्ने धारणा राख्दै गास, बास र कपास, शिक्षा, स्वास्थ्य, रोजगारजस्ता नागरिकका आधारभूत र नैसर्गिक अधिकार पूर्ण रूपमा पूरा गर्नुपर्ने बताउनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले मानव अधिकारको पालना नगरी अघि बढाइएको विकासका गतिविधिले नागरिकलाई न्याय नगर्ने भएकोले अबका विकास प्रयासहरू मानव अधिकारमुखी हुनुपर्नेमा जोड दिनुभयो ।

आयोगका सदस्य गौरी प्रधानले 'मानव अधिकारमुखी विकासको अवधारणा' विषयक कार्यपत्र प्रस्तुत गर्दै विकासका समग्र गतिविधि अधिकारमुखी अवधारणाबाट निर्देशित हुनुपर्ने विचार अघि सार्नुभयो ।

उहाँले विकासका गतिविधिबाट मानिसको अधिकार हनन् नहोस् भनेर नै 'मानव अधिकारमुखी विकास पद्धति' को अवधारणा अस्तित्वमा आएको बताउनुभयो ।

सो अवसरमा बोल्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले राज्यका हरेक विकास प्रयास मानव अधिकार मूल्य-मान्यता र सिद्धान्तबाट निर्देशित हुनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) का निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीले 'नेपाल सरकारको मानव अधिकारसम्बन्धी कार्ययोजना' विषयक कार्यपत्र प्रस्तुत गर्दै सरकारका विकाससम्बन्धी गतिविधिहरू मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

विकासका गतिविधि सञ्चालन गर्दा मानव अधिकारमुखी पद्धति अवलम्बन गर्न सरकारी निकायहरूलाई प्रोत्साहन गर्ने एवम् मानव अधिकार संरक्षणका लागि समन्वयात्मक ढङ्गमा काम गर्ने उद्देश्यले उक्त कार्यशाला आयोजना गरिएको थियो ।

कार्यशालामा सरकारी एवम् गैरसरकारी संस्था एवम् नागरिक समाजका प्रतिनिधिहरू गरी ६० जनाको सहभागिता थियो ।

---

***मानव अधिकार र जलवायु... पृष्ठ ७ को बाँकी***

उहाँले मानव अधिकारलाई परम्परावादी दृष्टिबाटमात्र नहेरी नवीनतम् सोंच र दृष्टिबाट हेर्नुपर्ने खाँचो औंल्याउँदै अब मानव अधिकारलाई वातावरणीय दृष्टिबाट पनि हेर्नुपर्ने समय आएको धारणा प्रस्तुत गर्नुभयो ।

उहाँले जलवायु परिवर्तन स्थानीय विषयवस्तुमात्र नभई विश्वव्यापी मामिला भएकोले आफू वातावरणीय हिसाबले सुरक्षित रहन नेपालले अन्तर्राष्ट्रिय संयन्त्रहरूमा आफ्ना सरोकारहरूलाई बलियो गरी उठाउन सक्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

उहाँले नेपालका सरकारी पदाधिकारीहरू एक मन्त्रालयबाट अर्को मन्त्रालयमा सरुवा भइरहने भएकोले जलवायु परिवर्तनका क्षेत्रमा दखल हाँसिल गरेका व्यक्तिलाई अर्को मन्त्रालयमा सरुवा गरिंदा रिक्त स्थानमा आउने नयाँ व्यक्तिले अन्तर्राष्ट्रिय मञ्चमा दरिलो किसिमले कुरा राख्न नसकेको दृष्टान्त पनि पेश गर्नुभयो ।

सो अवसरमा कोषराज अधिकारी, भीम राई, शौरभ ढकाल, लक्ष्मी गौतम, मनोज आठपरिहया राई, ओमकुमार श्रेष्ठ, छत्र शंकर, कविन्द्र बुर्लाकोटी, नरेन्द्र खतिवडा, गणेश ओलीलगायतका सहभागीले वातावरणीय न्याय, वातावरणीय प्रभाव मूल्याङकन, जलवायु परिवर्तन र आदिवासी जनजातिका अधिकार जस्ता जलवायु परिवर्तनका विविध विषयमा धारणा राख्नुभएको थियो ।

# कमलरीहरूमाथि बल प्रयोग भएकोमा आयोगको ध्यानाकर्षण

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' मा आवद्ध कमलरीसहितका अभियन्ताहरूमाथि प्रहरीले बल प्रयोग गरेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

अयोगले विज्ञप्ति जारी गरी घटनाका क्रममा प्रहरी नियन्त्रणमा रहेकाहरूलाई तत्काल रिहा गर्न, घाइतेहरूको उपचारको व्यवस्था मिलाउन, कमलरीहरूको न्यायोचित मागलाई संवादको माध्यमबाट तत्काल सम्बोधन गर्न एवम् प्रदर्शन स्थलमा महिला प्रहरीको सङ्ख्या बृद्धि गर्न आयोग सरकारसँग आग्रह गरेको थियो ।

कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य गर्न माग गर्दै 'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' जेठ १९ गते सिंहदरबारको निषेधित क्षेत्रमा विरोध प्रदर्शन गरेको थियो ।

आयोगको अनुगमन टोलीले वीर अस्पताल, अन्नपूर्ण न्यूरो अस्पताल र महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा पुगेर घटनाबारे जानकारी लिएको थियो ।

## कमलरीमाथि बल प्रयोग

मदन चौधरी

काठमाडौं, जेठ ११

कमलरीका हत्यारालाई कारवाही गर्नुपर्ने माग गर्दै सिंहदरबार घेराउ गर्न गएका पूर्वकमलरीमाथि प्रहरीले दमन गरेको छ। हनुमानथानबाट दक्षिण गेट छिर्न खोजेका उनीहरूमाथि प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गरेको थियो।

प्रहरीले लाठी प्रहार गर्दा नौजना कमलरी गम्भीर घाइते भएका छन्। घाइते मुक्त कमलरी विकास मञ्चकी अध्यक्ष उर्मिला चौधरी र कञ्चनपुरकी सीता चौधरीको आइतबार बेलुकासम्म होस नखुलेको कमलरी उन्मूलन संघर्ष समितिका संयोजक फकला थारुले बताए।

घाइतेमा कैलालीका रीता चौधरी, दीपिका चौधरी, सुजाता चौधरी, सिर्मीला चौधरी र कमला विक छन्। त्यस्तै दाङका कमला चौधरी, कञ्चनपुरका रमिता चौधरी र मीना चौधरी छन्। उनीहरूको माइतीघरस्थित अन्नपूर्ण अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले लाठीले घोच्दा मुदु र कलेजोमा असर पुगेको डाक्टरलाई उद्धृत गर्दै संयोजक थारुले बताए। 'प्रहरीले कमलरीका छाती र योनांगमा लाठीले घोच्दा असर परेको छ,' थारुले भने। केही कमलरीको टाउको फुट्नुका साथै खुट्टामा चोट लागेको उनले बताए।

प्रहरीले कमलरीमाथि लाठी प्रहार गर्दा स्थानीय आक्रोशित बनेका थिए। उनीहरूले 'महिला प्रहरी खोइ ? महिलामाथि तिमीहरूले हातपात गर्न पाइन्छ?' भन्दै आक्रोश पाखेका थिए। महानगरीय परिसर काठमाडौंका प्रवक्ता चक्रबहादुर सिंहले निषेधित क्षेत्र तोड्ने प्रयास गरेकाले सामान्य बल प्रयोग गरेको बताए। उनले अघोषित कार्यक्रम भएको हुँदा महिला प्रहरी परिचालन गर्न नसकेको जनाए। 'उनीहरूको कार्यक्रमबारे हामीलाई थाहा थिएन,' उनले भने, 'एक्कासि निषेधित क्षेत्र तोड्ने प्रयास गरेकाले सामान्य हस्तक्षेप गरिएको हो।' आइतबार बिहान साढे ९ बजे माइतीघरबाट छिर्न नदिएपछि कमलरीले हनुमानथान हुँदै निषेधित क्षेत्र तोड्ने प्रयास गरेका थिए।

मुक्ति घोषणा र हकअधिकार सुनिश्चतताको माग गर्दै दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ६० जना कमलरीले राजधानीकेन्द्रित आन्दोलन गर्दै आएका छन्। पाँच दिनअघि राजधानी आएका उनीहरूले शान्ति वाटिकामा धर्ना दिइरहेका छन्।

प्रहरीले कमलरीमाथि गरेको दमनप्रति थरुहट तराई पार्टी नेपाल, थारु कल्याणकारिणी सभा र एमालेले कडा आपत्ति जनाएको छ। प्रेस विज्ञप्ती जारी गर्दै थारु कल्याणकारिणी सभाले बल प्रयोगलाई सरकारी आतंकको संज्ञा दिएको छ।

'राजधानीमा सरकारले दिनदहाडै गुण्डागर्दी गरेको छ,' विज्ञप्तिमा छ, 'यस्तो सरकारविरुद्ध प्रतिकारमा उत्रिन बाध्य नपारियोस्।' आइतबार प्रेस विज्ञप्ति जारी गर्दै एमालले सरकारी दमनविरुद्ध कडा आपत्ति जनाएको छ। एमालेले कमलरी आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै कमलरीका जायज माग पूरा गर्न सरकारसँग माग गरेको छ।



सिंहदरबारको पश्चिम गेटनजिकै आइतबार प्रदर्शन गर्दै कमलरी।

तस्विर : भास्वर ओझा/नागरिक

प्रहरी हस्तक्षेपका क्रममा कम्तीमा १० जना कमलरी घाइते भएको सञ्चार माध्यमहरूले जनाएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त नेपाल आदिवासी जनजाति महासंघ, थारू कल्याणकारिणी सभा, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, महिला पुनःस्थापना केन्द्र (ओरेक नेपाल), राष्ट्रिय मानव अधिकार प्रतिष्ठानलगायतका संस्थाहरूले विज्ञप्ति जारी गर्दै शन्तिपूर्ण तवरले विरोध प्रदर्शनमा उत्रिएका कमलरी एवम् अधिकारकर्मीहरूमाथि दमन भएको भन्दै विरोध जनाएका थिए ।

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्यका लागि पहल गरिदिन आग्रह गर्दै राष्ट्रिय मानव अधिकार आयोगमा २०७० वैशाख १७ गते ज्ञापनपत्र बुझाएको थियो ।

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले ज्ञापनपत्र बुझ्दै कमलरीहरूको मुक्ति, दीर्घकालीन पुनःस्थापना, सामाजिक एकीकरण र क्षतिपूर्तिको व्यवस्था यथासक्य छिटो हुनुपर्ने खाँचो औंल्याउँदै यस दिशामा सरकार गम्भीर हुनुपर्ने धारणा अघि सार्नभएको थियो ।

उहाँले २०६९ साल चैत १४ गते ललितपुरस्थित चाकुपाटमा मालिकको बालमजदुर बनिरहेकै अवस्थामा १२ वर्षीय सिर्जना चौधरीको भएको रहस्यमय मृत्युबारे आयोगले अनुगमन गरेको जानकारी दिनुभएको थियो ।

आयोगले कमलरीहरूमाथि भएका सबै प्रकारका दुर्व्यवहारबारे अनुगमन तथा अनुसन्धान गर्न दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी पाँच जिल्लामा विशेष अनुसन्धान टोली खटाइसकेको छ ।

## बाग्लुङका अधिकारकर्मीहरूको एउटै आवाज

# मानव अधिकार हनन्कर्ताहरूलाई आममाफी दिनुहुँदैन




मानव अधिकार हनन्कर्ताहरूलाई आममाफी दिने गरी नेपाल सरकारले अघि सारेको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक कुनै पनि हालतमा मान्य नहुनेमा बाग्लुङका बुद्धिजीवी, मानव अधिकारकर्मी र द्वन्द्वपीडित नागरिकहरूले एकमत जाहेर गर्नुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले बाग्लुङमा आयोजना गरेको संक्रमणकालीन न्यायसम्बन्धी दुई दिवसीय कार्यशालाका सहभागीहरूद्वारा सो विषयमा एकमत जाहेर गर्नुभएको हो ।

कार्यशालामा प्रमुख आतिथिको आसनबाट बोल्दै आयोगका सदस्य रामनगिना सिंहले मानव अधिकार हननकर्ताहरूलाई आममाफी दिन नहुनेमा आयोग स्पष्ट रहेको र यसबारे विभिन्न माध्यममार्फत सरकारको ध्यानाकर्षण गरिसकेको जानकारी दिनुभयो ।

उहाँले सत्य निरुपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको हुनुपर्छ र उक्त आयोग द्वन्द्वपीडित नागरिकहरूको पीडालाई सम्बोधन गर्न सक्षम हुनुपर्छ भनेर आयोगले निरन्तर आवाज उठाइरहेको छ भन्नुभयो ।

नेपाल बार एसोसिएसन (पुनरावेदन एकाइ) बाग्लुङका अध्यक्ष अधिवक्ता राम शर्माले संक्रमणकालीन न्यायको मूल ध्येय नै द्वन्द्वपीडितलाई न्याय दिनु र पीडकलाई कानुनी कारबाही गर्नु नै हो भन्दै सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकको खाका सोहीअनुसार तयार हुनुपर्ने धारणा अघि सार्नुभयो । सो अवसरमा संक्रमणकालीन न्यायको अवधारणागत पक्षमा प्रकाश पार्दै आयोगका निर्देशक सुवर्ण कर्माचार्यले संक्रमणकालीन न्यायले पीडितलाई न्याय दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यशालामा आयोगका निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीले संक्रमणकालीन न्यायलाई स्थापित तुल्याउन राष्ट्रिय मानव अधिकार आयोगबाट भएका गतिविधिबारे जानकारी दिँदै संक्रमणकालीन न्यायको मर्म र भावनाअनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग बन्नुपर्ने विचार अघि सार्नुभयो ।

कार्यशालामा प्रमुख जिल्ला अधिकारी काशीराम शर्मा, न्यायका लागि द्वन्द्वपीडित समाज (बाग्लुङ) का अध्यक्ष बद्रीबहादुर केसी, महिला मानव अधिकार रक्षक सञ्जाल (बाग्लुङ) का अध्यक्ष ज्ञानकुमारी छन्त्याल, ज्येष्ठ नागरिक महासंघका महासचिव छत्र प्रधान, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा (बाग्लुङ) का अध्यक्ष जब्बरबहादुर रम्तेल, वरिष्ठ अधिवक्ता पद्मनाथ शर्मालगायतका वक्ताहरूले संक्रमकालीन न्यायले पीडकलाई सँजाय र द्वन्द्वपीडिलाई न्याय दिनुपर्नेमा जोड दिनुभयो ।

देशमा मौलाउदै गएको दण्डहीनताको संस्कृति अन्त्यका लागि कानुनी शासनको बहाली हुनुपर्ने, संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको

...बाँकी पृष्ठ १३ मा

# उपभोक्ताको अधिकार रक्षाका लागि सबै सजग हुनुपर्ने

गुल्मीका अधिकारकर्मी तथा बुद्धिजीवीहरूले उपभोक्ताको अधिकार रक्षाका लागि समाजका सबै तह र तप्कामा रहेका नागरिक सजग हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय (बुटबल) तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को संयुक्त आयोजनामा 'उपभोक्ता अधिकारको अवस्था र सरोकारबालाको दायित्व' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँहरूले सो आवश्यकता औंल्याउनुभएको हो ।



कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत चन्द्रकान्त चापागाईंले आयोगद्वारा जारी 'उपभोक्ताको मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका, २०६८' बारेमा प्रस्तुतीकरण गर्नुभयो ।




गुल्मीका प्रमुख जिल्ला अधिकारी कविन्द्र नेपालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सरकारी तथा गैरसकारी संस्थाका प्रतिनिधि, पत्रकार, व्यापारी, सर्वसाधारण नागरिकलगायत ६० जनाको सहभागिता थियो ।

सोही अवसरमा आयोगको टोलीले जिल्ला प्रशासन कार्यालयले गरेको बजार अनुगमन के कसरी अघि बढिरहेको छ उद्देश्यले अनुगमन गरेको थियो । अनुगमनको क्रममा बजारमा सडेगलेका तथा अखाद्य वस्तुहरू प्रर्याप्त मात्रामा फेला परेकोले सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गरिएको थियो ।

---

***मानव अधिकार हनन्.. पृष्ठ १२ को बाँकी***

सत्य निरुपण आयोग तत्काल गठन हुनुपर्ने, द्वन्द्वपीडितलाई राहत एवम् परिपूरणको तत्काल व्यवस्था हुनुपर्ने एवम् अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण अन्त्य गरिनुपर्ने विषयमा कार्यशालाका सहभागीहरूले सुझाव दिनुभयो ।

उहाँहरूले द्वन्द्वपीडित व्यक्ति तथा तिनका परिवारजनको आवाजलाई राज्यले सम्बोधन गर्न नसकेको एवम् सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई कारबाही नगरी राज्यले मेलमिलापको माध्यमबाट सफाइ दिने उद्देश्यले अध्यादेश जारी गरेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो ।

कार्यशालाका सहभागीहरूले मानव अधिकार हनन्का घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन एवम् अनुसन्धान प्रक्रिया यथासम्भव तीव्र गतिमा हुनुपर्ने एवम् संक्रमणकालीन न्यायबारे पश्चिमाञ्चल क्षेत्रका सबै जिल्लालाई समेटने गरी क्षेत्रीय सम्मेलन आयोजना गर्नुपर्ने सुझाव दिनुभयो ।

नेपाल बार एसोसिएसन (पुनरावेदन एकाइ) बाग्लुङले संयोजन गरेको सो कार्यशालामा द्वन्द्वपीडित नागरिक, मानव अधिकारकर्मी, कानुन व्यवसायी नागरिक समाजका प्रतिनिधिहरूलगायत ९० जनाको सहभागिता थियो ।

नेपाल छुवाछुत तथा जातीय भेदभावमुक्त राष्ट्र घोषणा भएको सात वर्ष पूरा

# जातीय भेदभाव अन्त्य गर्न कानुनी र जनचेतनात्मक अभियानलाई निरन्तरता दिइनुपर्ने



राष्ट्रिय मानव अधिकार आयोग आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले देश विद्यमान जातीय भेदभाव अन्त्य गर्न कानुनी रूपमा धेरै प्रयास भए पनि मानसिकतामा परिवर्तन नआएकोले भेदभाव कायमै रहेको बताउनुभएको छ ।

आयोगले राजधानीमा आयोजना गरेको ‘ जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि सरोकारवालाहरूको भूमिका’ विषयक अन्तरक्रिया कार्यक्रम बोल्दै अध्यक्ष उपाध्यायले सो कुरा बताउनुभएको हो ।

उहाँले जातीय भेदभावको घटनालाई ‘केस’ को रूपमा मात्रै हेर्ने परिपाटी भएको चर्चा गर्दै यसलाई गम्भीर समस्याको रूपमा हेरेर दण्डात्मक एवम् जनचेतनात्मक अभियान निरन्तर रूपमा चलाएर जातीय भेदभावको श्रृखलालाई अन्त्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले जातीय भेदभाव अन्त्यका लागि चालिएका कदमहरू ‘प्रोएक्टिभ’ भन्दा पनि ‘रिएक्टिभ’ भएको टिप्पणी गर्दै यसमा थप सक्रियता आवश्यक भएको विचार अघि सार्नुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले जातीय भेदभावसम्बन्धी उजुरी लिने विषयमा कानुनी जटिलता रहेको र त्यसको व्यवहारिक समाधान खोजिनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

उहाँले जातीय छुवाछुत र भेदभावसम्बन्धी उजुरी राष्ट्रिय दलित आयोग वा राष्ट्रिय मानव अधिकार आयोगमध्ये कसले ग्रहण गर्ने भन्ने विषयमा द्विविधा रहेको चर्चा गर्दै यस्ता विषयहरूमा साझा कदम चाल्नु आवश्यक रहेको धारणा अघि सार्नुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय दलित आयोगका अध्यक्ष शुशीला सिर्पाली ठकुरीले आफूहरूले दलित समुदायको हक-अधिकारको पक्षमा काम गरिरहे पनि आयोग अधिकारसम्पन्न नभएकोले काम गर्न कठिनाइ भएको बताउनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय मानव अधिकार आयोगका प्रवर्द्धन तथा वकालत एवम् सामूहिक अधिकार महाशाखा प्रमुख सूर्यबहादुर देउजाले छुवाछुत एवम् जातीय भेदभावविरुद्ध आयोगले गरेका प्रयासहरूबारे प्रकाश पार्नुभयो ।

उहाँले दलित समुदायले भोगको समस्याहरू अन्त्य गर्नका लागि जनस्तरमा जनचेतना अभिवृद्धि गर्नुपर्ने र सरोकारवालाहरूबीच समन्वयात्मक ढङ्गमा सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ‘ह्यूमन राइटस अलाइन्स’ का अध्यक्ष गणेश विश्वकर्माले जातीय छुवाछुत र भेदभावसम्बन्धी समस्या समाधानका लागि देशको राजनीतिक तथा सामाजिक शक्तिहरूले सकारात्मक एवम् प्रगतिशील अनुभूतिका साथ एकसाथ काम गर्नुपर्ने धारणा अघि सार्नुभयो ।

सो अवसरमा राष्ट्रिय दलित समाज कल्याण संघका अध्यक्ष भक्त विश्वकर्मा भक्त विश्वकर्माले छुवाछुत एवम् जातीय भेदभावको घटना लिएर प्रहरीकहाँ जाँदा प्रहरीले जाहेरी नै नलिएको धेरै उदाहरणहरू प्रस्तुत गर्दै जातीय भेदभावप्रति हाम्रा पुराना सोंचाइ र व्यवहार परिवर्तन हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

उहाँले दलितहरूको अधिकार रक्षाका लागि राष्ट्रिय मानव अधिकार आयोगले बेग्लै रणनीति तयार पार्नुपर्ने र यस्ता मामिलाहरू हेर्नका लागि आयोगमा छुट्टै ‘डेक्स’ स्थापना हुनुपर्ने आवश्यकता पनि औंल्याउनुभयो ।

सो अवसरमा दलित सेवा संघका अध्यक्ष चक्रमान विश्वकर्माले राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न र शक्तिसम्पन्न बनाएर जातीय भेदभाव र छुवाछुतबाट पीडित नागरिकको पक्षमा काम गर्नसक्ने बनाउनुपर्नेमा जोड दिनुभयो ।

...बाँकी पृष्ठ १५ मा

*जातीय भेदभाव अन्त्य...* **पृष्ठ १४ को बाँकी**



कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका प्रतिनिधि सुजाता परियारले आफ्नो दलको १२ औं अधिवेशनले छुवाछुत एवम् जातीय भेदभावमा संलग्न व्यक्तिलाई साधारण सदस्यसमेत नरहने गरी निष्काशन गर्ने नियम बनाएकाले नेपाली कांग्रेस यस दिशामा प्रगतिशील रहेको धारणा अघि सार्नुभयो ।

सो अवसरमा सुरेन्द्रकुमार झा, भीम राई, कला स्वर्णकार, उषा बरुवाल, पदम सुन्दास, मीना शर्मा, सुशील विश्वकर्मा, गजधर सुनार, अमृत विश्वकर्मा, रेम विश्वकर्मालगायतका सहभागीहरूले छुवाछुत एवम् भेदभावसँग गाँसिएका मामिलाको सामाजिक, कानुनी तथा मनोवैज्ञानिक पक्षको विश्लेषण गर्दै सुधार उपायहरू अघि सार्नुभएको थियो ।

नेपाल सरकारले २०६३ जेठ २१ गते नेपाललाई जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको भए पनि यस किसिमको भेदभाव कायमै छ ।

यसै सन्दर्भमा दलित अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था र नागरिक समाजलगायतका सरोकारवालाहरूले २०७० साल जेठ १० देखि २१ गतेसम्म राष्ट्रव्यापी रूपमा जातीय भेदभावविरुद्धको १२ दिवसीय राष्ट्रिय अभियान चलाएको थियो ।

सोही अभियानलाई ऐक्यबद्धता जनाउन राष्ट्रिय मानव अधिकार आयोग आयोगले अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।



# राजनीतिक झडपका सम्बन्धमा अनुगमन

जुम्ला जिल्लास्थित कालेखोलीमा नेकपा माओवादी र नेपाली काँग्रेसका कार्यकर्ताबीच २०७० जेठ २५ गते बेलुका भएको वादविवाद र त्यसबाट उत्पन्न परिस्थितिबारे राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले अनुगमन गरेको छ ।

विवाद भएको भोलिपल्ट अर्थात २६ गते नेपाली काँग्रेस कार्यकर्ताहरू नेकपा माओवादीका मनोज बुढाथोकी मगरको घरमा पुगेर तोडफोड गरेको र त्यसको केही समय पछि माओवादी कार्यकर्ताले पनि नेपाली काँग्रेस तथा तिनका समर्थकहरूको घरमा तोडफोड गरेको पाइएको आयोगको अनुगमन टोलीद्वारा



प्रकाशित प्रतिवेदनमा जनाइएको छ ।

अनुगमन प्रतिवेदनका अनुसार माओवादी कार्यकर्ताबाट भएको हातपातका कारण नेपाली काँग्रेसका कार्यकर्ता जनक सेजुवाल घाइते हुनुभएको थियो ।

जेठ २५ गते बेलुका करिब ६ बजेको समयमा नेपाली काँग्रेसका कार्यकर्ता घनश्याम थापा र नेकपा माओवादीका मनोज बुढाथोकीबीच भनाभन एवम् हात हालाहाल भएपछि नेपाली काँग्रेस र माओवादीबीच भडपको अवस्था आएको प्रतिवेदनमा जनाइएको छ ।

राजनीतिक दलका कार्यकर्तालाई संयमित बन्न र घटनामा दोषी ठहरिएकाहरूलाई कानुनको दायरामा ल्याउन अनुगमन प्रतिवेदनमा सुझाव दिइएको छ ।

हु.द.नं. २६/०६६/०६७

# मानव अधिकार रक्षकहरूलाई तालिम

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (बुटवल) ले 'मानव अधिकार रक्षकका लागि मानव अधिकार शिक्षा तालिम कार्यक्रम' आयोजना गरेको छ ।

तालिममा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्राधिकार; मानव अधिकारका आधारभुत सिद्धान्त एवम् मापदण्ड; मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन; मानव अधिकारसम्बन्धी प्रमुख महासन्धि; नेपालमा संक्रमणकालीन कानुनी संयन्त्रमा पीडितहरूका सवाल; मानव अधिकारसम्बन्धी घटनाहरूको अनुगमन





प्रणाली; संक्रमणकालीन न्याय र अन्तर्राष्ट्रिय फौजदारी अदालत; राज्यको सबै संयन्त्रमा मानव अधिकारमुखी अवधारणा कार्यान्वयनको आवश्यकतालगायत विविध विषयमा छलफल गरिएको थियो ।

मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन गर्ने कार्यमा मानव अधिकार रक्षकहरूलाई थप सचेतीकरण गर्ने उद्देश्यले आयोजित सो तालिममा कपिलवस्तु, रुपन्देही, नवलपरासी र चितवन जिल्लामा कार्यरत ३० जना मानव अधिकार रक्षकहरूको सहभागिता थियो ।


## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोनः ०१-५०१००१५, फ्याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org / वेबसाइटः www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००
इमेलः nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-०४१-५२७२५०
इमेलः nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-६१-४६५०४२
इमेलः nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

## उप-क्षेत्रीय कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोनः ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोनः ०७१-५४६९११


**राष्ट्रिय मानव अधिकार आयोगको हालको हटलाइन नम्बर ५०-१०-०००**


## पत्राचारको लागि

सम्पादक, मानव अधिकारपत्र, राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३
इमेलः manav.adhikarpatra@nhrcnepal.org


प्रापकः

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९७३ सम्पादक : यमबहादुर दुरा